**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत १४ गते शनिबार ❑ 28 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## प्रधानमन्त्रीमा बालेन्द्र शाह

**रासस**
काठमाडौं, १३ चैत



राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहले पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

राष्ट्रपति पौडेलले राष्ट्रपतिको कार्यालयमा शुक्रबार आयोजित विशेष समारोहमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का संसदीय दलका नेता शाहलाई शपथ गराउनुभएको हो। राष्ट्रपति पौडेलले शुक्रबार बिहान उहाँलाई नेपालको संविधानको धारा, ७६ को उपधारा (१) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गर्नुभएको थियो।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, निवर्तमान प्रधानमन्त्री सुशीला कार्की र पूर्व प्रधानमन्त्रीहरू उपस्थित हुनुहुन्थ्यो। समारोहमा संवैधानिक निकायका प्रमुख, सरकारका विशिष्ट श्रेणीका अधिकृत, सुरक्षा निकायका प्रमुख, यहाँस्थित विभिन्न कूटनीतिक नियोगका पदाधिकारीलगायत उपस्थित हुनुहुन्थ्यो। प्रधानमन्त्रीको शपथ पहिलोपटक वैदिक-सनातन परम्परा झल्किने गरी गरिएको थियो। समारोहमा सात शङ्खबाट शङ्खनादसँगै १०८ जना वटुकले स्वस्ति-शान्ति वाचन र १०८ बौद्ध भिक्षु लामाले शुभ-मङ्गल पाठ गर्नुभएको थियो।

रास्वपा वरिष्ठ नेता शाहलाई बिहीबार सो पार्टीले संसदीय दलका नेतामा सर्वसम्मत चयन गरेको थियो। यसैगरी नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद् गठन भएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त प्रधानमन्त्रीको उपस्थितिमा राष्ट्रपतिको कार्यालयमा आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ गराउनुभयो।

सो अवसरमा डा स्वर्णिम वाग्ले अर्थमन्त्री, सुधन गुरूङ गृहमन्त्री, शिशिर खनाल परराष्ट्रमन्त्री, सुनील लम्साल भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री, विराजभक्त श्रेष्ठ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री, खड्गराज पौडेल संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री, सस्मित पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि एवं खेलकुदमन्त्री, निशा मेहता स्वास्थ्य तथा जनसङ्ख्या एवं खानेपानीमन्त्री, डा विक्रम तिमिल्सिना सञ्चार तथा सूचना प्रविधिमन्त्री, प्रतिभा रावल सामान्य प्रशासन तथा भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री, सोविता गौतम कानुन, न्याय तथा संसदीय मामिलामन्त्री, गीता चौधरी कृषि तथा पशुपक्षी एवं वन तथा वातावारणमन्त्री, डा दीपक साह श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री र सीता वादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीको शपथ लिनुभएको थियो। यसैगरी, रक्षा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी भने हाल प्रधानमन्त्री शाहले आफैँ सम्हाल्नुभएको छ।

## बैशाख २ देखि सुरु हुँदै राष्ट्रिय आर्थिक गणना २०८२

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत



"राष्ट्रिय आर्थिक गणना २०८२" सञ्चालन हुने भएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालय, तथ्याङ्क समन्वय कार्यालय कास्कीको आयोजनामा कास्की जिल्लामा पनि आगामी वैशाख २ गतेदेखि आर्थिक गणना सुरु हुने भएको जानकारी हालै पोखरामा आयोजित छलफल कार्यक्रममा दिइएको हो। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गत सञ्चालन हुने यो गणना वैशाख २ गतेदेखि असार ७ गतेसम्म देशभर सञ्चालन हुनेछ। जिल्ला आर्थिक गणना अधिकारी नन्दलाल सापकोटाले आर्थिक गतिविधिको यथार्थ चित्र प्रस्तुत गर्न यो गणना अत्यन्त महत्वपूर्ण रहेको बताए। आर्थिक गणनामा छनौट भएका सुपरिवेक्षकको आगमी १८ गते अन्तर्वाता लिइने छ। त्यसैगरी गरी गणकमा छनोट भएका मादी, रुपा, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपलिकाका सबै गणकहरुको पनि आगमी १८ गते आन्तर्वाता लिइने जिल्ला आर्थिक गणन अधिकारी नन्दलाल सापकोटाले वताए। बाँकी पोखराका गणकहरुको अन्तर्वाता आगमी १९ गते देखी २१ गते सम्म गरिने अधिकारी सापकोटाले वताए। सापकोटाका अनुसार गणक तथा सुपरिवेक्षकहरू व्यवसाय स्थलमै पुगेर तथ्याङ्क सङ्कलन गर्नेछन्। आर्थिक गणना भनेको देशभर सञ्चालनमा रहेका उत्पादन तथा सेवा प्रदान गर्ने सबै प्रकारका प्रतिष्ठान तथा व्यवसायको विवरण सङ्कलन, प्रशोधन तथा विश्लेषण गर्ने समग्र प्रक्रिया हो। यस गणनाबाट सरकारलाई नीति निर्माण, योजना तर्जुमा तथा कुल गार्हस्थ्य उत्पादन लगायतका आर्थिक सूचकहरू अद्यावधिक गर्न महत्वपूर्ण सहयोग पुग्नेछ। यसमा औपचारिक तथा अनौपचारिक दुवै प्रकारका व्यवसाय समेटिनेछन्। उद्योग, व्यापार, होटल, यातायात, बैंक तथा वित्तीय संस्था, शैक्षिक संस्था, स्वास्थ्य सेवा, कृषि फार्मदेखि सेवा क्षेत्रमा आबद्ध सबै प्रतिष्ठानको विवरण सङ्कलन गरिनेछ। यसका लागि इ-सेन्सस (स्वयं भर्ने प्रणाली) तथा कागजी फाराम दुवै प्रयोग गरिने जनाइएको छ। २०७५ सालको तथ्याङ्क अनुसार कास्कीका पाँच पालिकामध्ये सबैभन्दा बढी व्यावसायिक प्रतिष्ठान पोखरा महानगरपालिकामा ९२,१५० रहेका छन् भने सबैभन्दा कम रुपा गाउँपालिकामा ९२९ रहेका थिए। मादी गाउँपालिकामा ३६२, माछापुच्छ्रे गाउँपालिकामा ६२५ र अन्नपूर्ण गाउँपालिकामा १,२५१ प्रतिष्ठान रहेका थिए।

हाल कास्कीमा करिब १४ हजार ४ सय कम्पनी दर्ता भएको जानकारी दिइएको छ। कार्यालयका अनुसार सङ्कलित सबै विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार पूर्ण रूपमा गोप्य रहनेछन्, यी तथ्याङ्कहरू कुनै कर प्रयोजन वा अदालतमा प्रयोग गरिने छैनन् र केवल सामूहिक विश्लेषणका लागि मात्र उपयोग गरिनेछन्। एक सुपरिवेक्षक बराबर ८ जना गणक परिचालन गरिनेछ। प्रत्येक प्रतिष्ठानमा १५ देखि ३० मिनेटसम्म लाग्ने प्रश्नावली तयार गरिएको अधिकारी सापकोटाले जानकारी दिए। गणकहरू घर-घर तथा व्यवसाय स्थलमा पुग्दा सही र यथार्थ विवरण उपलब्ध गराएर सहयोग गर्न सबै नागरिक तथा व्यवसायीलाई आग्रह गरे। "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने मूल सन्देशसहित सञ्चालन हुन लागेको यस राष्ट्रिय अभियानमा सबैको सक्रिय सहभागिता आवश्यक रहेको कार्यालयले जनाएको छ,

खटिएका सरकारी कर्मचारी अथवा गणकलाई विवरण नदिएमा कानुन अनुसार कारबाही हुने प्रावधान रहेको छ। प्रमुख जिल्ला अधिकारीले आवश्यक कारबाही गर्न सक्ने व्यवस्था समेत गरिएको छ।

## नवनियुक्त पर्यटनमन्त्री पौडेलद्वारा पदबहाली: 'समृद्धिको खाका मन्त्रालयबाट सुरु हुन्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत



नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले शुक्रबार पदबहाली गर्नुभएको छ। राष्ट्रपति भवन शीतलनिवासमा राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथ लिएलगत्तै सिंहदरबारस्थित मन्त्रालय पुगेर उहाँले कार्यभार सम्हाल्नुभएको हो।

नवनियुक्त प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा गठित सरकारमा पर्यटन मन्त्रालयको जिम्मेवारी पाउनुभएका मन्त्री पौडेललाई मन्त्रालयका सचिव, विभागीय प्रमुख तथा कर्मचारीहरूले स्वागत गर्नुभएको थियो। पदबहालीपछि कर्मचारीलाई सम्बोधन गर्दै मन्त्री पौडेलले मुलुक समृद्धिको खाका यहीँ मन्त्रालयबाट सुरु हुने बताउनुभयो। उहाँले भन्नुभयो, "पर्यटन मन्त्रालय मेरो रुचिको तर चुनौतीपूर्ण मन्त्रालय हो। म आफैँ लेखक र पदयात्री (ट्रेकर) भएकाले यस क्षेत्रका समस्यासँग परिचित छु। अब हामीले जनहितलाएै केन्द्रमा राखेर मुलुकको समृद्धिका क्षेत्रमा गति बढाउनुपर्छ।" उहाँले मूर्त र अमूर्त संस्कृतिको संरक्षण गर्दै नेपाललाई गन्तव्यमा आधारित (डेस्टिनेसन बेस) पर्यटकीय क्षेत्रका रूपमा विकास गर्दै पर्यटन प्रवर्द्धन गर्ने योजना अघि सार्नुभयो। साथै, हरेक धर्मसँग जोडिएका पदमार्गको विकास गर्ने योजना आफूसँग रहेको उहाँले जानकारी दिनुभयो। मन्त्री पौडेलले आगामी पाँच वर्ष देशका लागि सहकार्य र समन्वयमार्फत काम गर्न कर्मचारीलाई आग्रह गर्नुभयो। "म कुनै प्रलोभनमा पर्ने छैन, सबै निर्णय सामूहिक र एकताबद्ध हुनेछन्", उहाँले स्पष्ट पार्नुभयो, "कामको मूल्याङ्कन योग्यता (मेरिटोक्रेसी) का आधारमा हुनेछ। हामीले कर्मचारीजस्तो मात्र भएर होइन, देश निर्माणको अभियन्ता बनेर काम गर्नुपर्छ।" मन्त्री पौडेलले पदबहालीका क्रममा आफ्ना मुख्य प्राथमिकताका क्षेका बारेमा कर्मचारीलाई जानकारी दिनुभयो। "एयर कनेक्टिभिटीअन्तर्गत हवाई सम्पर्कको विस्तार र नेपाल वायुसेवा निगमको जहाज थप्ने कार्यलाई तीव्रता दिइने छ। नीतिगत सुधारतर्फ पर्यटन बोर्डको पुनर्संरचना र निजी क्षेत्रमैत्री वातावरण निर्माण गरिनेछ", उहाँले भन्नुभयो। पूर्वाधार विकासका क्षेत्रमा पर्यटन पूर्वाधारमा लगानी बढाउने र सम्पदाहरूको महत्वलाई दृश्य माध्यमबाट प्रवर्द्धन गर्ने तथा मन्त्रालय र मातहतका निकायको काममा पारदर्शिता कायम गर्नेमा आफू प्रतिबद्ध रहेको मन्त्री पौडेलले उल्लेख गर्नुभयो। कार्यक्रममा मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले मन्त्रालयको वर्तमान अवस्था, नीतिगत संरचना र आगामी योजनाबारे संक्षिप्त जानकारी गराउनुभएको थियो।

## अति तथा मध्यम गरिब घर परिवारलाई महानगरपालिकाले निःशुल्क स्वास्थ्य बिमा गरिदिने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

पोखरा महानगरपालिकाका अति तथा मध्यम गरिब घर परिवारलाई महानगरपालिकाले निःशुल्क स्वास्थ्य बिमा गरिदिने भएको छ।


सो का लागि महानगरपालिका र स्वास्थ्य बिमा बोर्ड, गण्डकी प्रदेश बिच सम्झौता समेत भइसकेको छ। पोखरा महानगरपालिकाको अति तथा मध्यम गरिब घर परिवारको स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनका लागि विपन्न नागरिकहरूलाई स्वास्थ्य बिमा कार्यान्वयन कार्यविधि, २०८२, स्वास्थ्य बिमा ऐन र नियमावली बमोजिम यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो। पोखरा महानगरपालिका गरिब घर धुरी पहिचान तथा परिचय पत्र विवरण मार्फत भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त सूची बमोजिम २०८३ को जेठ मसान्तसम्म लक्षित वर्गको स्वास्थ्य बिमा गरिने छ।

स्वास्थ्य बिमा नियमावली २०७५ अनुसार ५ जनासम्म सदस्य भएको प्रति परिवार रु.३५००।- र ५ जना भन्दा बढी सदस्य भएमा प्रति थप सदस्य रु.७००।- बिमा बापतको रकम पोखरा महानगरपालिकाले बिमा बोर्डलाई उपलब्ध गराउनेछ। महानगरपालिकाको निःशुल्क बिमा कार्यक्रममा सहभागी तथा नवीकरणका लागि सम्बन्धित वडा कार्यालयबाट अति तथा मध्यम गरिब घर परिवार पहिचानको सिफारिस र दर्ता सहयोगी मार्फत भरिएको दर्ता फारम समेत संलग्न गरी महानगरपालिकाको स्वास्थ्य महाशाखामा आवेदन दिनुपर्नेछ। यसरी पेस हुन आएका विवरण सहितका फारमहरू आवश्यक प्रक्रिया पुरा गरी स्वास्थ्य बिमा बोर्डमा बुझाइसकेपछि स्वास्थ्य बिमा सूचना प्रणालीमा प्रविष्ट गरिनेछ।

पोखरा महानगरपालिका क्षेत्रमा रहेका गरिबिको रेखामुनिको


बाँकी अन्तिम पृष्ठमा ▶▶





# लेखनाथमा तेस्रो 'सूर्य तारा खेल तथा सांस्कृतिक महोत्सव' हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

पोखरा महानगरपालिका २७ (लेखनाथ) मा यही चैत महिनाको अन्तिम साता तेस्रो संस्करणको 'सूर्य तारा खेलकुद तथा सांस्कृतिक महोत्सव' हुने भएको छ। पोखरा २७ को सूर्य तारा क्लबको आयोजनामा यही चैत्र २७ गतेदेखि ३० गतेसम्म उक्त महोत्सव हुने भएको आज (शुक्रबार) पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

महोत्सवलाई आकर्षक र सहभागितामूलक बनाउन विभिन्न खेलकुद तथा सांस्कृतिक कार्यक्रमहरू समावेश गरिएको प्रतियोगिता मुल समारोह समितिका संयोजक विष्णु पुनले बताउनु भयो । महोत्सवका मुख्य आकर्षणहरूमा सेभेन ए साइड फुटबल प्रतियोगिता, राष्ट्रिय खुल्ला महिला तथा पुरुष डोरीतान प्रतियोगिता, खुल्ला 'स्लो' महिला स्कुटर रेस, ७ किलोमिटर दौड तथा जातीय संघ-संस्थाको झाँकी प्रदर्शनी लगायतका कार्यक्रम रहेको उहाँले बताउनु भयो।

महोत्सव सम्पन्न गर्न करिब ५७ लाख रुपैयाँ खर्च हुने अनुमान रहेको संयोजक पुनले जनाउनु भयो । विगतका दुई संस्करणमा करिब १९ लाख रुपैयाँ घाटा व्यहोर्नु परेको उल्लेख गर्दै उहाँले यसपटक खर्च व्यवस्थापनसँगै केही रकम बचत गरी ऋण घटाउने लक्ष्य रहेको स्पष्ट पार्नुभयो। यसैबीच, गण्डकी प्रदेशबाट राष्ट्रिय महिला फुटबलमा प्रतिनिधित्व गर्दै आएको 'आर एस बीच क्लब'लाई प्रोत्साहनस्वरूप ५० हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ।

सेभेन ए साइड फुटबल प्रतियोगितामा विजेताले २ लाख २ हजार २२२ रुपैयाँ तथा उपविजेताले १ लाख १ हजार १११ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। खर्च व्यवस्थापनलाई ध्यानमा राख्दै यसपटक परम्परागत फुटबलको सट्टा सेभेन ए साइड प्रतियोगिता आयोजना गरिएको क्लवका अध्यक्ष समेत रहनु भएको संयोजक पुनले बताउनु भयो ।

त्यसैगरी, डोरी तान प्रतियोगितामा विजेताले ५५ हजार ५५५ रुपैयाँ, उपविजेताले ३३ हजार ३३३ रुपैयाँ र तेस्रो हुने टोलीले २२ हजार २२२ रुपैयाँ प्राप्त गर्नेछन्। 'स्लो' महिला स्कुटर रेसमा पहिलोदेखि चौथो स्थानसम्मका प्रतिस्पर्धीले क्रमशः ३३ हजार, २२ हजार, ११ हजार र ५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन् । महोत्सवअन्तर्गत छात्र-छात्रा, खुल्ला पुरुष-महिला तथा भेट्रान समूहका लागि ७ किलोमिटर दौड प्रतियोगिता पनि आयोजना गरिनेछ। छात्र-छात्रातर्फ विजेताले ७ हजार, दोस्रोले ५ हजार र तेस्रोले ३ हजार रुपैयाँ प्राप्त गर्नेछन् भने खुल्ला तथा भेट्रानतर्फ क्रमशः १० हजार, ७ हजार र ५ हजार रुपैयाँ प्रदान गरिनेछ। त्यसैगरी, जातीय संघ-संस्थाको झाँकी प्रदर्शनीमा उत्कृष्ट तीन समूहलाई क्रमशः ४४ हजार, ३३ हजार र २२ हजार रुपैयाँसहित सम्मान गरिनेछ।

खेल, संस्कृति र मनोरञ्जनलाई एउटै थलोमा जोड्ने उद्देश्य सहित आयोजना हुने यस महोत्सवले स्थानीय प्रतिभा उजागर गर्नुका साथै सामाजिक एकता र पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने आयोजकको विश्वास छ । आगामी पाँचौं संस्करणसम्म यसलाई 'गोल्ड कप' फुटबल प्रतियोगिताका रूपमा विकास गर्ने लक्ष्य समेत राखिएको अध्यक्ष पुनले जानकारी दिनुभयो। महोत्सवका विभिन्न कार्यक्रम सञ्चालनका लागि छुट्टाछुट्टै उपसमितिहरू गठन गरिएको छ भने सबै तयारी तीव्र रूपमा अघि बढाइएको सेभेन ए साइड फुटवल खेल संयोजक संदिप कोइरालाले बताउनु भयो।

# पोखरा थिएटरमा मनाइयो विश्व रंगमंच दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

विश्वभर विविध कार्यक्रमका साथ मनाइने विश्व रंगमञ्च दिवस २०२६ को अवसरमा पोखरा थिएटरले पनि शुक्रबार एक अनौठो तथा सिर्जनात्मक कार्यक्रम आयोजना गर्दै दिवस मनाएको छ।

कार्यक्रमको विशेषता नै यसको स्वतःस्फूर्त प्रस्तुति थियो। कुनै पूर्वनिर्धारित स्क्रिप्ट बिना सञ्चालन गरिएको कार्यक्रममा स्क्रिनमा देखाइएको एक अमूर्त तस्बिर एवं बस्तुहरु लाई केन्द्रमा राख्दै सम्पूर्ण प्रस्तुति अगाडि बढाइएको थियो। नारायण न्यौपानेको निर्देशन एवं संयोजनमा विभिन्न कलाकार, चित्रकार, कवी, मुक्तकार, गायक, र संगीतकार एकै चोटी मन्चमा देखिए । मंचको मध्य भागमा जुत्ताहरु छरिएका थिए । प्रहरीको बुटले बालिका को चप्पल कुल्चिएको थियो । त्यहि नजिक जेन्जी आन्दोलनमा



चर्चित रगतले लत्पतिएको जुत्ताको तस्बिर टासिएको थियो. सोही तस्बिरबाट प्रेरित हुँदै संगीतकार मिलन गिरि र देबेन्द्र ढकाल (बिबेक) ले प्रत्यक्ष संगीत प्रस्तुत गरेका थिए। उनिहरुले तत्कालै गित पनि रचेका थिए - 'मेरो छातीमा बुटको आवाज, लग्यो भंगेरी शिकार बाज' । उनीहरूको धुनसँगै कलाकार निशान थापा मगर ले क्यानभासमा चित्र सिर्जना गर्दै कला र संगीतको अद्भुत संयोजन प्रस्तुत गरेका थिए। उत्सर्ग सुबेदीले अर्थपूर्ण तरिकाले ध्वनि र प्रकाश परिचालन गरेका थिए । यसै क्रममा सिर्जित वातावरणलाई शब्दमा उतार्दै साहित्यकार सरस्वती श्रेष्ठ सरु र प्रान्जल ले क्रमशः कविता र मुक्तक रचना गरेका थिए। तस्बिर, संगीत, र कलालाई ग्रहण गर्दै उनीहरुले रचेको सृजनाहरूलाई कविहरूले वाचन गर्दै दर्शकलाई भावनात्मक अनुभूति गराएका थिए । पोखरा थिएटरका कलाकार रमेश बाबु र अन्जु दाहाल ले सोही भावभूमिमा आधारित छोटो नाट्य प्रस्तुति दिएका थिए। साथै, दर्शकलाई आफ्ना अनुभूति र मन्तव्य व्यक्त गर्न उनिहरुलाई कपि र कलम दिइएको थियो ।

विश्व रंगमञ्च दिवस २०२६ को सन्दर्भमा जारि गरिएको अन्तर ाष्ट्रिय सन्देश अग्रज रंगकर्मी अनुप बराल ले वाचन गरेका थिए। बरालले रंगमञ्चको जीवन्तता र निरन्तर परिवर्तनशील स्वभावबारे प्रकाश पारे। उनले भने, "रंगमञ्च कहिल्यै स्थिर हुँदैन, यो सधैं समयसँगै बदलिन्छ । आजको यस्तो स्वतःस्फूर्त प्रस्तुति नै यसको प्रमाण हो–जहाँ कलाकारले क्षणमै संसार निर्माण गर्छन्।" त्यस्तै गरि सहभागी कलाकार रमेश बाबु तिमिल्सिनाले , "यस्ता कार्यक्रमले हामी जस्ता कलाकारलाई सीमाभन्दा बाहिर सोच्न प्रेरित गर्छन्। रंगमञ्च केवल अभिनय होइन, यो बहुआयामिक कला हो भन्ने सन्देश आजको प्रस्तुतिले स्पष्ट पारेको छ।"

कार्यक्रमको समापन संस्थापक दिल प्रसाद गुरुङ ले सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै गरेका थिए। कार्यक्रममा सहभागी सम्पूर्ण कलाकार तथा अतिथिहरूलाई मायाको चिनो प्रदान गरिएको थियो । पोखरा थिएटरले यसपटक प्रस्तुत गरेको यस्तो स्वतःस्फूर्त र अन्तरविषयगत कार्यक्रमले रंगमञ्च, संगीत, चित्रकला र साहित्यबीचको सम्बन्धलाई एकै मंचमा उजागर गर्दै दर्शकलाई नयाँ अनुभव प्रदान गरेको दर्शकको प्रतिक्रिया थियो।


## Career Opportunity

Pragati Secondary School, Pokhara-16, Batulechour, a school run with a vision to impart holistic education through 21st-century pedagogical approaches, invites interested and eligible candidates for the following posts.

| S.No | Subject | Level | Minimum Qualification | Req. No. |
|---|---|---|---|---|
| 1. | Nepali | Secondary | Masters | 1 |
| 2 | English | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 3 | English | Basic Level (1-5) | +2 or above | 2 |
| 4 | Computer | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 5 | Mathematics | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 6 | All | Pre -Primary | +2 or above | 2 |

**Procedure:** Written test, Class Observation, Interview
- Salary & benefits: Attractive + Social Security Fund
- Desired personality traits: Learning attitude, Respect for the profession, Team ethics, Love for children
- Only short-listed candidates will be called for further processing.

Candidates are required to contact the front desk with supporting documents (CV, hand-written application, photocopies of citizenship card, academic certificates, work experience letter) or send via personal email to pragatischool.pokhara@gmail.com by **15th of Chaitra 2082.**

Principal
**Pragati Secondary School**
Batulechour-Pokhara, 16, Contact: 443204, 443338,9846027931
pragatischool.pokhara@gmail.com


# अति तथा ...

लक्षित वर्गको स्वास्थ्य सुरक्षामा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ । नगर प्रमुख धनराज आचार्यले आर्थिक अवस्था कमजोर भएका कारण आधारभूत सेवाको पहुँचमा पुग्न नसकेको वर्गलाई निकै ठुलो राहत मिल्ने बताउनुभयो । महानगरपालिका सम्पूर्ण नगरवासीहरूको स्वास्थ्य सुरक्षा र प्रवर्द्धनका लागि प्रतिबद्ध रहेको उहाँले बताउनुभयो।

महानगरपालिकाको स्वास्थ्य महाशाखा प्रमुख भरतराज पौडेलका अनुसार अति तथा मध्यम गरिब परिवारलाई बिमा गर्ने कार्यका लागि दर्ता सहयोगीलाई आवश्यक अभिमुखीकरण गरिनेछ भने, लक्षित वर्गलाई यस कार्यक्रम मार्फत लाभ लिन महानगरपालिकाले अनुरोध समेत गरेको छ।

# अन्तर्राष्ट्रिय सम्मेलनमा उच्च शिक्षामा अनुसन्धान र गुणस्तरमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत




जनप्रिय क्याम्पसको आयोजनामा 'अन्तर्राष्ट्रिय सम्मेलन २०२६' भव्य रूपमा सुरु भएको छ । जनप्रिय बहुमुखी क्याम्पसको आयोजना तथा विश्वविद्यालय अनुदान आयोग (यूजिसी) को सहयोगमा सञ्चालित सम्मेलनको मुख्य नारा 'नेपालको उच्च शिक्षामा रूपान्तरणः विश्वव्यापी प्रतिस्पर्धाका मार्गहरू' रहेको छ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीले जनप्रिय क्याम्पसले प्राज्ञिक क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो । उहाँले अनुसन्धानले नै शिक्षाको गुणस्तर निर्धारण गर्ने बताउँदै भन्नुभयो, "अनुसन्धानविनाको उच्च शिक्षाले विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्दैन। यस्ता सम्मेलनले अनुसन्धानकर्ताहरूको क्षमता र गुणस्तर वृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले युजिसी यस्ता प्राज्ञिक कार्यमा सधैं सहयोग गर्न तत्पर भएको कुरामा जोड दिनु भयो।

त्यस्तैगरि गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा.इन्द्रप्रसाद तिवारीले नेपाली अनुसन्धानलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन यस्ता कार्यक्रम फलदायी हुने उल्लेख गर्नुभयो । उहाँले सम्मेलनले नेपालको उच्च शिक्षालाई वैश्विक प्रतिस्पर्धामा लैजान र गहन अध्ययनको संस्कृति विकास गर्न मार्गनिर्देश गर्ने विश्वास व्यक्त गर्नुभयो।

सम्मेलनमा पूर्व उपकुलपति प्रा.डा. तीर्थराज खनियाँ, प्रा.डा. केशरजंग बराल, प्रा.डा. सरोज कोइराला, डा. कृष्णराज अधिकारी, प्रा.डा. लेखनाथ भट्टराई र डा. पितृराज बास्तोला लगायतका वरिष्ठ शिक्षाविद् तथा प्राज्ञिक व्यक्तित्वहरूले कार्यपत्र र कार्यक्रमको प्राज्ञिक औचित्यमाथि प्रकाश पार्नुभएको थियो। लुम्बिनी वाणिज्य क्याम्पसका प्रमुख ताराप्रसाद उपाध्यायले जनप्रिय क्याम्पसले स्थापनाकालदेखि नै सामुदायिक (पब्लिक) क्याम्पसहरूका तर्फबाट अग्रणी भूमिका निर्वाह गर्दै आएको बताउनुभयो।

कार्यक्रममा स्वागत मन्तव्य क्याम्पस प्रमुख कृष्णबाबु बरालले सम्मेलनलाई उपलब्धिमूलक बनाउन सबैको सक्रिय भूमिका रहने अपेक्षा व्यक्त गर्नुभयो। चैत १२ गतेदेखि सुरु भएको यो सम्मेलन १४ गतेसम्म तीन दिन चल्नेछ, जसमा ३१ जना अनुसन्धानकर्ताहरूले आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्ने कार्यतालिका रहेको छ। जनप्रिय क्याम्पस सञ्चालन समितिका अध्यक्ष राजेन्द्र पहारीको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा क्याम्पसको प्राज्ञिक गरिमा र भविष्यको कार्यदिशाबारे समेत चर्चा गरिएको थियो।

नेपालको उच्च शिक्षालाई समयसापेक्ष र प्रतिस्पर्धी बनाउन यो सम्मेलन एक महत्त्वपूर्ण खुड्किलो साबित हुने आयोजकको विश्वास छ।

# विराटनगरवासीलाई पोखरा भ्रमणको निम्ता

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

नेपालको औद्योगिक नगरी विराटनगरका वासिन्दालाई पर्यटनको राजधानी पोखरा भ्रमणको निम्ता प्रदान गरिएको छ।

जाउँ है पोखरा अभियान अन्तर्गत पूर्वी नेपालको भ्रमणमा रहेको होटल संघ पोखरा नेपालको टोलीले विराटनगरवासीलाई पोखरामा हुने फेवा नवबर्ष महोत्सवको निम्ता प्रदान गरेको हो। पर्यटन संस्कृती र खानालाई जोड दिएर यही चैत २९ देखि आगामी वैशाख १ गतेसम्म यो महोत्सव हुँदै छ।

विराटनगरमा आयोजित कार्यक्रममा होटन संघ नेपाल कोशीका अध्यक्ष राजन श्रेष्ठले २५ बर्षदेखी जाउँ है पोखरा अभियानलाई निरन्तर संचालन गर्नु सराहनीय कदम भएको बताए । प्रबर्द्धनका यस्ता अभियानलाई भारतका उत्तर प्रदेश र बिहारमा पनि संचालन गर्न उनले सुझाव दिए। कोशी प्रदेशले पनि पर्यटनको अपार संभावना बोकेको भन्दै उनले प्रचारप्रशारको अभावले यो प्रदेश पछि परेको बताए।

आयोजक संघका अध्यक्ष लक्ष्मण सुबेदीले पोखरा पर्यटनका हिसाबले निकै सस्तो गन्तब्य भएको बताउँदै फेवा महोत्सवका पाहुनालाई होटलको प्रकाशित दररेटमा २५ प्रतिशत सम्म छुट प्रदान गरिएको बताए। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले पोखरा अन्नपूर्ण क्षेत्र प्रवेशको आधार क्षेत्र मात्र नभई प्याराग्लाइडिङ, बन्जी जम्पिङ जस्ता साहसिक पर्यटनको गन्तब्य समेत भएको बताए । नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालय, पोखराको समन्वय तथा सहकार्यमा यो पटकको जाउँ है



पोखरा अभियान संचालन भईरहेको हो । अभियान १३ चैतसम्म चल्ने छ। कार्यक्रममा कोशी भ्रमण बर्ष २०८२ का संयोजक भविस श्रेठले नेपाल र भारतमा समेत नेपाल पर्यटन बोर्डले प्रबर्द्धनका कार्यक्रम प्रभावकारी रुपमा अगाडि बढाउनु पर्ने सुझाव राखे । पोखरा र पूर्वी नेपालविच हवाई र गुणस्तरीय स्थल यातायात सेवा संचालनका लागि पहल जरुरी भएको उनले बताए।

टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले नेपाली पर्यटनमा कोशी प्रदेशको योगदान उच्च रहेको बताउँदै पोखरा र वरपरका लामाछोटा पदयात्रा गन्तब्यका बारेमा अबगत गराए। नाट्टा कोशीका अध्यक्ष पुण्य भट्टराईले पोखरामा पूर्वबाट पर्यटक पठाउन आफूले पनि भूमिका खेलिरहेको अवगत गराए। कार्यक्रमा होटल संघ पोखरा नेपालका द्वितीय उपाध्यक्ष गणेशराज पहारीले उपस्थित सबैलाई धन्यवाद दिए। कार्यक्रमको संचालन आयोजक संघका सचिव पार्वता पाण्डेले गरेकी थिईन्।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसल्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# देशको अर्थतन्त्र सुधार्ने जिम्मा अर्थशास्त्री डा वाग्लेलाई

**रासस**
काठमाडौं, १३ चैत

लण्डन स्कूल अफ इकोनोमिक्सबाट अर्थशास्त्रमा स्नातक गर्नुभएका डा स्वर्णिम वाग्ले नेपालको स्थापित अर्थशास्त्रीमध्येको एक हुनुहुन्छ।

गोरखाको बुङ्कोटमा जन्मिनुभएका डा वाग्ले एक प्रखर अर्थशास्त्री र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति हुनुहुन्छ। उहाँले विसं २०४२ को प्रवेशिका परीक्षामा बूढानीलकण्ठ स्कुलबाट देशभरबाट दोस्रो स्थान हासिल गर्नुभएको थियो। डा वाग्लेले लण्डन स्कुल अफ इकोनोमिक्सबाट अर्थशास्त्रमा स्नातक, हार्वर्ड विश्वविद्यालयबाट अन्तरराष्ट्रिय विकासमा स्नातकोत्तर र अस्ट्रेलियन नेशनल युनिभर्सिटीबाट अर्थशास्त्रमा पिएचडी (विद्यावारिधि) गर्नुभएको छ। राजनीतिमा पूर्णकालीन रूपमा सहभागी हुनुअघि डा वाग्लेले दुई दशकभन्दा बढी समय अन्तरराष्ट्रिय एवं बहुपक्षीय आर्थिक मञ्चमा महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्नुभएको थियो। उहाँले अमेरिकाको वासिङ्टन डिसीस्थित विश्व बैंकमा वरिष्ठ अर्थशास्त्री र न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको मुख्यालयमा एसिया र प्रशान्त क्षेत्रका लागि प्रमुख आर्थिक सल्लाहकारका रूपमा काम गरिसक्नुभएको छ। नीति तथा योजना निर्माणमा पनि उहाँले महत्त्वपूर्ण योगदान दिनुभएको छ। राष्ट्रिय योजना आयोगको सदस्य र सन् २०१७ देखि २०१८ सम्म उपाध्यक्षका रूपमा उहाँ सफल नेतत्व गरिसक्नुभएको छ।



नेपाली कांग्रेसमा वैचारिक र नीतिगत तहमा रहेर भूमिका निर्वाह गर्नुभएका डा वाग्ले विसं २०७९ चैतमा उक्त पार्टी परित्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गर्नुभएको थियो। हाल उहाँ रास्वपाको उपसभापति र तनहुँ क्षेत्र नं १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुनुहुन्छ। डा वाग्ले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ३८ हजार ४० मत प्राप्त गरी विजयी हुनुभएको हो।

विशेषगरी तथ्याङ्क र तर्कमा आधारित नीतिगत बहस गर्ने बौद्धिक नेताका रूपमा स्थापित डा वाग्लेले संसद्मा आर्थिक सुधार, सुशासन र युवा स्वरोजगारका विषयलाई प्रमुखताका साथ उठाउँदै आउनुभएको छ। गोरखा जन्मिनुभएका वाग्ले सामान्य पारिवारिक परिवेशमा हुर्किनुभएको हो। बाल्यकालदेखि नै अध्ययनमा रुचि राख्ने उहाँ अध्ययनशील र तर्कशील नेताका रूपमा चिनिनुहुन्छ। विकास अर्थशास्त्र, सार्वजनिक नीति तथा आर्थिक सुधारका विषयमा विशेष अनुसन्धान गर्नुभएको छ। सोही अनुभवका कारण उहाँ अन्तरराष्ट्रियस्तरका नीतिगत बहसमा सहभागी हुँदै आउनुभएको छ।

उच्च शिक्षालगत्तै उहाँले विभिन्न अन्तरराष्ट्रिय संस्थामा काम गर्नुभएको थियो। विशेषगरी संयुक्त राष्ट्रसङ्घसँग आबद्ध कार्यक्रममार्फत डा वाग्लले विकास, गरिबी न्यूनीकरण र आर्थिक नीतिका क्षेत्रमा विशेष योगदान गर्नुभएको छ।

योजना आयोगको उपाध्यक्षको जिम्मेवारीमा रहँदा उहाँले अगाडि सार्नुभएको अवधारणामा नै बहुउद्देश्यीय बूढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण प्रक्रिया सुरु गर्ने तयारी भएको छ। आन्तरिक स्रोतको उपयोग गरेर उक्त आयोजनालाई अगाडि बढाउने गरी सरकारले निर्णय गरिसकेको छ। त्यसका अलावा सो जिम्मेवारीमा रहँदा उहाँले मुलुकको दीर्घकालीन विकास योजना, आर्थिक नीति सुधार तथा सुशासनका विषयमा काम गर्नुभएको थियो। खासगरी राजनीतिक परिवर्तनलाई आर्थिक विकास र समृद्धिसँग जोड्नुपर्छ, मध्यमवर्गको विस्तार गर्नुपर्छ भन्ने मत राख्नुहुने डा वाग्ले समकालीन नेपालको स्थापित अर्थशास्त्री एवं विकास रणनीतिकर्ताका रूपमा स्थापित हुनुहुन्छ। "राजनीति कोरो कल्पना र सपना मात्रै होइन, जनताले परिवर्तनको महसुस गर्नुपर्छ र त्यसका लागि गुणात्मक परिवर्तन गर्नुपर्छ", भन्ने उहाँले मत राख्दै आउनुभएको छ।

निर्वाचनका क्रममा डा वाग्लले विकास, सुशासन, रोजगारी सिर्जना तथा आर्थिक सुधारलाई प्रमुख एजेन्डा बनाउनुभएको थियो। आफ्नो विषय प्रष्टसँग राख्ने, राजनीतिमा आलोचनाभन्दा पनि विचारले श्रेष्ठ सावित हुनुपर्छ भन्ने मान्यता राख्ने डा वाग्लेले मतदातासँग प्रत्यक्ष संवादका क्रममा नयाँ सोच र परिणाममुखी राजनीतिका विषय उठाउनुभएको थियो।

डा वाग्ले नेपाली राजनीतिमा नीतिगत क्षमता र आर्थिक विषयको ज्ञान भएका नेताका रूपमा चिनिनुहुन्छ। अघिल्लो पटक सङ्घीय संसद्का रूपमा उहाँले सदनमा खेल्नुभएको भूमिका पनि स्मरणीय रहेको छ।

उहाँका विभिन्न अन्तरराष्ट्रिय जर्नलमा अर्थतन्त्रसम्बन्धी लेख तथा विचार प्रकाशित छन्। खासगरी समस्या पहिचान, तथ्य र आँकडा प्रस्तुतिका कारण डा वाग्लेको विश्लेषण समसामयिक र समस्या समाधानमा केन्द्रित रहने गरेको छ। खासगरी, अर्थतन्त्र र विकास नीतिमा उहाँको विशिष्ठ अनुभवले समृद्ध नेपाल निर्माणको सपना पूरा हुने अपेक्षा गीरएको छ।

# तनहुँ जलविद्युत् आयोजना: प्रसारण लाइन निर्माणका लागि रुख छपान सुरु

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ चैत

तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत प्रसारण लाइन निर्माणका लागि रुखमा छपान सुरु भएको छ। आयोजनाको प्याकेज तीनअन्तर्गत प्रसारण लाइन निर्माणका लागि चितवन जिल्लामा पर्ने रुखहरूमा छपान सुरु गरिएको हो।

आयोजनाको दमौली भरतपुर २२० केभी प्रसारण लाइनको मार्गाधिकारमा पर्ने चितवन जिल्लास्थित राष्ट्रिय वनमा रहेका रुखहरूको छपान कार्य सुरु भएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो। प्रसारण लाइनको टावर निर्माण र मार्गाधिकारमा चितवन र तनहुँ जिल्लामा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटबिरुवा हटाउन वन तथा भूसंरक्षण विभागसँग सम्झौता भएको थियो।

प्रसारण लाइन निर्माणका लागि तनहुँ र चितवनमा पर्ने ९२.७ हेक्टर वन क्षेत्रको जग्गा भोगाधिकार पाउनुका साथै त्यहाँ रहेका नौ हजार १२७ रुखपोल हटाउन अनुमति प्राप्ति भएसँगै काम अगाडि बढेको भण्डारीले बताउनुभयो। मन्त्रिपरिषद्को निर्णयबमोजिम आयोजनाको दमौली भरतपुर २२० केभी प्रसारण लाइनको टावर निर्माण र मार्गाधिकारमा चितवन र तनहुँ जिल्लामा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटबिरुवा हटाउन तनहुँ हाइड्रोपावर लिमिटेड र वन तथा भूसंरक्षण विभागबीच हालै सम्झौता भएको थियो।



यस प्याकेजको निर्माण व्यवसायी केइसी इन्टरनेशनल लिमिटेड भारतले दमौली भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये हालसम्म ७८ वटा टावरहरूको जग हाल्ने र ६९ वटा टावर जडान कार्य सम्पन्न गरिसकेको छ। यस प्याकेजको समग्र प्रगति ७६ प्रतिशत रहेको भण्डारीले बताउनुभयो।

तनहुँ जलविद्युत आयोजनाको तीनवटा प्याकेजमा काम भइरहेको छ। प्याकेज एक अन्तर्गत बाँधलगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ। यो प्याकेजमा ५४ प्रतिशत प्रगति भएको भण्डारीले बताउनुभयो। मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरुङलगायत संरचनाको निर्माणकार्य सकिएको छ।

मुख्य बाँध निर्माणका लागि सेती नदीलाई २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो। विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माणकार्य सकिएको जनाइएको छ। प्याकेज-२ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ। यस अवधिसम्म भूमिगत संरचना निर्माणका लागि खन्ने कार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माणकार्य सम्पन्न भएको भण्डारीले बताउनुभयो। विद्युत् गृह, केवल सुरुङ, सर्च ट्याङ्क, टेलरेसलगायत संरचनाको मुख्य कङ्क्रिटिङ कार्य सम्पन्न भएको यस प्याकेजको प्रगति ७३ प्रतिशत छ।

भण्डारीका अनुसार विद्युत्गृहको सिभिल कार्य करिब सम्पन्न भएको छ भने इलेक्ट्रोमेकानिकल कार्य जारी छ। विद्युत्गृहमा छाना लगाउने, पानी फाल्नेलगायतका काम भइरहेका छन्।

# डा वाग्ले अर्थमन्त्री भएपछि तनहुँमा खुसी

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ चैत

तनहुँ क्षेत्र नं १ बाट दोस्रो कार्यकालका लागि निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति डा स्वर्णिम वाग्ले अर्थमन्त्री बन्नुभएको छ। रास्वपा सभापति रवि लामिछानेले निर्वाचनअगावै डा वाग्लेलाई अर्थमन्त्रीको जिम्मेवारी बनाइने अभिव्यक्ति दिनुभएको थियो।

आफ्नो क्षेत्रबाट निर्वाचित सांसद देशको महत्तुवपूर्ण जिम्मेवारीमा आएपछि तनहुँ क्षेत्र नं १ का स्थानीय खुसी भएका छन्। डा वाग्ले यहाँबाट दोस्रोपटक निर्वाचित हुनुभएको हो। उहाँ विसं २०८० वैशाख १० गते सम्पन्न उपनिर्वाचनमा ३४ हजार ९११ मतसहित पहिलोपटक विजयी हुनुभएको थियो। डा वाग्ले गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ३८ हजार ४० मतसहित दोस्रोपटक विजयी हुनुभएको छ।

अर्थशास्त्री, नीतिगत विज्ञ र योजनाविद्का रूपमा पहिचान बनाउनुभएका वाग्लेले अर्थमन्त्रीको जिम्मेवारी प्राप्त गर्नुभएपछि तनहुँवासी थप खुसी भएका छन्। तनहुँको म्याग्दे निवासी मनोज अधिकारीलेडावाग्लेकोअर्थमन्त्रीको जिम्मेवारीले आफूहरूलाई खुसी तुल्याएको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "डा वाग्ले देशको अर्थतन्त्र सुधार गर्नसक्ने सक्षम व्यक्ति हो। जिल्लाले अर्थमन्त्रीका रूपमा उहाँलाई पाउँनु हामी सबैका लागि गौरवको कुरा हो।"

बन्दीपुरका सिद्धान्त गर्जा मगरले सामाजिक न्यायसहितको अर्थनीति, सुशासन, आर्थिक सुधार र गुणस्तरीय पूर्वाधारलाई अब सैद्धान्तिक हिसाबले मात्र नभई व्यावहारिक ढङ्गबाट अगाडि बढाउन डा वाग्ले सफल हुने विश्वास व्यक्त गर्नुभयो।

गोरखा जिल्लामा जन्मिए पनि वाग्लेले आफ्नो संसदीय यात्रा तनहुँबाट सुरु गर्नुभएको छ। सामान्य परिवेशमा हुर्किनुभएका डा वाग्ले अन्तरराष्ट्रिय ख्यातीप्राप्त विश्वविद्यालयबाट अध्ययन गर्दै देश विदेशमा आफ्नो छुट्टै पहिचान बनाउनुभएको छ।

उच्च शिक्षापछि विभिन्न अन्तरराष्ट्रिय संस्थामा काम गर्नुभएका वाग्लेले नेपाल फर्किएपछि राष्ट्रिय योजना आयोगको उपाध्यक्षको जिम्मेवारीसमेत सम्हालिसक्नु भएको छ।

# खडकराज (गनेस) पौडेल: लेखकदेखि पर्यटनमन्त्रीसम्म

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

शुक्रबार मात्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री नियुक्त हुनुभएका खडकराज पौडेल 'गनेस'का बारेमा धेरैलाई थाहा नहुन सक्छ। उहाँका बारेमा थाहा हुनेलाई पनि पौडेल राजनीतिक दलका नेता भन्दा लेखक, साहित्यकार र अभियन्ताका रुपमा बढी परिचित हुनुहुन्थ्यो।

तर उहाँ गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्की-१ बाट निर्वाचित हुनुभयो। उहाँको राजनीतिक यात्राले आजदेखि थप अर्को फड्को मारेको छ। जसले गर्दा पर्यटकीय राजधानी पोखरामा जन्मनुभएका उहाँलाई मुलुकको सिङ्गो पर्यटन क्षेत्र सुधारको जिम्मेवारी प्राप्त भएको छ। साहित्यिक वृत्तमा गनेस पौडेल नामले परिचित



उहाँले यसअघि पोखरामा बसेर साहित्य लेखन, पठन संस्कृतिको प्रवर्द्धनसँगै सामाजिक मुद्दामा पैरवी गर्ने व्यक्तिको छवि बनाउनुभएको थियो। पौडेलले वातावरण, सम्पदा, कला, संस्कृति संरक्षणका मुद्दालाई विभिन्न कोणबाट प्रखर रूपमा उठाउँदै आउनुभएको थियो। विसं २०७४ मा उहाँको पहिलो उपन्यास 'पैताला' प्रकाशित भएको थियो। उहाँ अखबारी लेखनमा पनि उत्तिकै सिद्धहस्त हुनुहुन्छ।

विश्वप्रसिद्ध लेखक जोन स्टेनबेकको पुस्तक 'अफ माइस एन्ड मेन'को नेपाली संस्करण 'मुसा मानुष' पनि पौडेलद्वारा अनुदित कृति हो। पौडेल पोखरामा पठन संस्कृतिको विकासका लागि स्थापित र्‍यान्डम रिडर्स सोसाइटी अफ नेपालका परिकल्पनाकारसमेत हुनुहुन्छ। पोखरा अन्तरराष्ट्रिय विमानस्थल प्रभावित क्षेत्रका नागरिकका सरोकारका विषय उठानमा पनि उहाँले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो।

विसं २०३६ मा पोखरा महानगरपालिका-१४ मझेरीपाटनमा जन्मनुभएका पौडेलले पोखरा विश्वविद्यालयबाट एमबीए र त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा स्नातक गर्नुभएको छ। उहाँसँग शिक्षण पेसाको समेत अनुभव छ। पौडेल विसं २०७९ को स्थानीय तह निर्वाचनमा पोखरा महानगरपालिको प्रमुख पदमा स्वतन्त्र उम्मेदवार बन्नुभएको थियो। त्यसबेला 'लौरो' चिह्न लिएर चुनाव लड्नुभएका उहाँले पाँच हजार १२८ मत प्राप्त गर्दै पराजित हुनुभएको थियो।

पौडेलले दलीय एकाधिकार, भ्रष्टाचार र बेथितिविरुद्ध 'अटेरी अभियान' सञ्चालन गर्नुभएको थियो। साहित्य लेखनसँगै सामाजिक अभियानमा आफूलाई क्रियाशील बनाउँदै प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुन सफल उहाँले वालेन्द्र शाह नेतृत्वको सरकारमा महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारी प्राप्त गर्नुभएको छ।

पौडेल पर्यटनमन्त्री नियुक्त भएसँगै पर्यटकीय राजधानी पोखराका पर्यटन व्यवसायीलगायतले पर्यटन क्षेत्रको सुधार र दिगो विकासको अपेक्षा गरेका छन्। उहाँको कार्यकालमा पर्यटन क्षेत्रमा नीतिगत सुधारसँगै लगानीको सुरक्षा, पर्यटन पूर्वाधार विकास र प्रवर्द्धनका कामले गति लिने विश्वास गरिएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : शत्रुको भय | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# साफ यु-२० फुटबल: नेपाल सेमिफाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

साफ यु-२० फुटबल प्रतियोगितामा नेपाल समूह विजेताका रूपमा सेमिफाइनलमा प्रवेश गरेको छ।

मल्दिभ्सको मालेस्थित राष्ट्रिय फुटबल रङ्गशालामा आज भएको समूह 'ए'अन्तर्गतको खेलमा नेपालले घरेलु टोली माल्दिभ्सलाई १-१ को बराबरी रोकेपछि शीर्षस्थानमा रहँदै सेमिफाइनलमा पुगेको हो। नेपालका लागि निशानराज लावतले गोल गरे। त्यस्तै माल्दिभ्सका लागि कप्तान मोहम्मद इमराननले गोल गरे। समूह चरणमा नेपालले यसअघि भुटान र श्रीलङ्कालाई हराएको थियो।

# विश्वशान्तिको कामना गर्दै दुई करोड ५० लाख दीप प्रज्ज्वलन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ चैत

विश्व शान्तिको कामना गर्दै शुक्रबार बेनीस्थित कालीगण्डकी नदी किनारमा दुई करोड ५० लाख दीप प्रज्ज्वलन गरिएको छ।

विश्व हिन्दू महासङ्घ म्याग्दीले रामनवमी पर्वको अवसर पारेर कालीगण्डकी र म्याग्दी नदीको दोभान नजिकै दीप प्रज्ज्वलन गरेको हो। विश्व शान्तिको कामनाका साथै बेनी बजारको धार्मिक पर्यटकीय सम्भावना उजागर गर्ने उद्देश्यले दीप प्रज्ज्वलन गरिएको महासङ्घका उपाध्यक्ष विक्रम



श्रेष्ठले जानकारी दिनुभयो।

मध्यपूर्वका देशहरूमा भइरहेका द्वन्द्व हटेर शान्ति कायम होस् र नेपालमा शुक्रबार नै गठन भएको नयाँ सरकारले जनअपेक्षाअनुसार काम गर्न सफल होस् भन्ने कामनासहित दीप प्रज्ज्वलन गरिएको महासङ्घका अध्यक्ष दण्डपानी शर्माले बताउनुभयो।

# बेनी नगरपालिकाका १० गौरवका आयोजना

पोखरापत्र संवाददाता
म्याग्दी, १३ चैत

बेनी नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा १० वटा गौरवका आयोजना कार्यान्वयन गरेको छ । सडक, पर्यटन, स्वास्थ्य, कृषि, सिँचाइ, भवन, खेलकुद पूर्वाधार निर्माणसम्बन्धी रु छ करोड २२ लाख बजेट विनियोजन भएका आठवटा योजना सञ्चालन र दुईवटा ठेक्का सम्झौताको चरणमा रहेका छन् ।

बेनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले रु एक करोड ८० लाख बजेट विनियोजन भएको बेनी-पुलाचौर-टोड्के सडक योजनाको २० प्रतिशत भौतिक प्रगति भएको जानकारी दिनुभयो । यो बेनी नपाले चालु आवमा सञ्चालन गरेको सबैभन्दा बढी बजेट विनियोजन भएको आयोजना हो । 'रिभर एज इन्जिनियरिङ एन्ड बिल्डर्स' प्रालिले रु एक करोड २१ लाख ५१ हजार २०० मा ठेक्का सम्झौता गरेको बेनी-पुलाचौर-टोड्के सडक योजनामार्फत बेनी नगरपालिका-५ पुलाचौर क्षेत्रमा सडक विस्तार, नाली, पर्खाल निर्माण र ढलान गर्ने लक्ष्य रहेको छ ।

त्यसैगरी रु एक करोड ६५ लाख बजेट विनियोजन भएको बेनी-महारानीथान-छाप-डाँडाखेत सडक स्तरोन्नति योजनाको ४० प्रतिशत भौतिक प्रगति भएको छ । शङ्कर निर्माण सेवाले रु एक करोड १३ लाख दुई हजार ४४५ मा ठेक्का सम्झौता गरेको आयोजनामार्फत बेनपा-६ र ७ मा पर्ने अग्निखेत क्षेत्रमा सडक स्तरोन्नतिको काम भइरहेको छ ।

रु ६६ लाख बजेट विनियोजन भएको र 'रिभर एज इन्जिनियरिङ एन्ड बिल्डर्स' प्रालिले रु ४८ लाख ७४ हजार २७७ मा ठेक्का सम्झौता गरेको बेनपा-९ को गलेश्वर बजार सौन्दर्यकरण परियोजनाको ४५ प्रतिशत भौतिक प्रगति भएको छ । लिमिसा कन्ट्रक्सन एन्ड सप्लायर्स प्रालिले रु ४२ लाख ४५ हजार ४५५ मा ठेक्का सम्झौता गरेको बेनपा-८ कालीपुलको कृषि बजार भवन निर्माण योजनाको प्रारम्भिक चरणको काम सुरु भएको छ ।

रु ४० लाख बजेट विनियोजन भएको बेनी खुलामञ्च खेलमैदान स्तरोन्नति योजनाको रु २७ लाख ३० हजार ७२९ मा ठेक्का सम्झौता गरेको न्यू बानियाँ निर्माण सेवा र रु २० लाख बजेट विनियोजन भई रु १५ लाख ४३ हजार ९६७ मा बानियाँ निर्माण सेवाले ठेक्का लिएको गुरुङकोटदेखि सिमधारा-पैयारुख सडक स्तरोन्नति योजना सुरु भएको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताउनुभयो ।

सोमरस निर्माण सेवाले ठेक्का लिएको बेनी नगरपालिका-६ र १० को वडा कार्यालय भवन निर्माणसम्बन्धी छुट्टाछुट्टै योजना पनि निर्माण सुरु भएको छ । रु १५ लाख बजेट विनियोजन भएको ६ नम्बर वडाको भवन बनाउन रु १३ लाख ८२ हजार २२४ र रु १२ लाख बजेटको १० नं वडाको सभाहल बनाउन रु १० लाख ९४ हजार ८४८ मा ठेक्का सम्झौता भएको छ । रु ४० लाख बजेट विनियोजन भएको बालम-थामडाँडा-बास्कुना सिँचाइ र रु २४ लाख बजेट विनियोजन भएको डडुवा सामुदायिक स्वास्थ्य केन्द्रको भवन निर्माणसम्बन्धी योजना ठेक्का सम्झौताको चरणमा रहेको नगरपालिकाका सूचना अधिकारीसमेत रहनुभएका प्रशासकीय अधिकृत युवराज थापाले बताउनुभयो ।

दशवटा वडा रहेका बेनी नगरपालिकाले बजेट विनियोजन गरेका वडास्तरीय ३४६ वटा योजनामध्ये फागुन मसान्तसम्म २४२ वटा सम्झौता भएकामा १०५ वटा सम्पन्न भएका छन् । एक सय चारवटा योजना सम्झौताको चरणमा रहेका छन् । बर्खा सुरु नहुँदै नगरस्तरीय गौरवका र वडास्तरीय सबै योजना सम्पन्न गर्ने लक्ष्यसहित उपभोक्ता समिति र निर्माण व्यवसायीलाई परिचालन गरिएको नगरप्रमुख सुरत केसीले बताउनुभयो ।

बेनी नगरपालिकाले पूर्वाधार आयोजनाहरूका लागि यस वर्ष रु १२ करोड ९२ लाख ४२ हजार बजेट विनियोजन गरेकामा आवको आठ महिनामा रु एक करोड ९० लाख ८७ हजार अथवा १४.७७ प्रतिशत खर्च गरेको छ । रु पाँच लाखसम्म बजेटका योजना वडा कार्यालयमै सम्झौता गर्ने व्यवस्था मिलाएको छ । योजनाको गुणस्तर कायम गर्न नियमित अनुगमन र प्रभावकारी बनाउनेतर्फ जोड दिएको नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो । 'कोर कटिङ' विधिबाट उपकरणको सहायतामा ढलान र कालोपत्र भएको सडकको गुणस्तर परीक्षण गरिएको उहाँले बताउनुभयो ।

# नवनियुक्त प्रधानमन्त्री शाहको जीवनी

रासस
काठमाडौं, १३ चैत

नेपालको ४३औँ प्रधानमन्त्रीमा वालेन्द्र शाह (बालेन) नियुक्त हुनुभएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का संसदीय दलका नेता शाहलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको हो ।

नेपालको संविधानको धारा, ७६ (१) अनुसार बहुमत प्राप्त संसदीय दलको नेताका रूपमा राष्ट्रपति पौडेलले केहीबेरमा शाहलाई पद तथा गोपनीयताको शपथ गराउँदै हुनुहुन्छ । नवनियुक्त प्रधानमन्त्री शाह गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा झापा क्षेत्र नं ५ बाट निर्वाचित हुनुभएको थियो । उहाँले त्यस निर्वाचनमा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई ठूलो मतान्तरले पराजित गर्नुभयो । नवनियुक्त प्रधानमन्त्री शाह आयुर्वेदिक चिकित्सक डा रामनारायण शाह र ध्रुवादेवी शाहका सुपुत्र हुनुहुन्छ । उहाँको जन्म विसं २०४७ वैशाख १४ गते काठमाडौँको नरदेवीमा भएको हो । उहाँको पुर्ख्यौली घर महोत्तरीको एकडारा हो ।



'र्‍याप आर्टिस्ट'का रूपमा समेत ख्याति कमाउनुभएका शाहले भारतबाट एम टेक (संरचनागत इन्जिनियरिङ) र पूर्वाञ्चल विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङमा स्नातक गर्नुभएको छ । विसं २०७९ को स्थानीय तह निर्वाचनमा शाह काठमाडौँ महानगरपालिकाको प्रमुखमा निर्वाचित हुनुभएको थियो । प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिन उहाँले गत माघ ४ गते महानगर प्रमुख पदबाट राजीनामा दिनुभएको थियो । शाहले काठमाडौँको प्रमुख रहँदा पर्यटन र अर्थतन्त्र प्रवर्द्धनका लागि नेवा संरचनाको संरक्षणमा महत्वपूर्ण योगदान दिनुभयो । सहरी शासन र विकास कार्यक्रमको नेतृत्व, पूर्वाधार सुधार, सम्पदा संरक्षण र सेवा प्रवाहमा सुधारमा समेत उहाँको योगदान छ । महानगरपालिकाका अवैध संरचना हटाउन, फुटपाथ तथा सहरी व्यवस्थापन गर्न योगदान दिनुभयो । नेपालका विभिन्न क्षेत्रमा विशेषगरी भूकम्पपछिको पुनःनिर्माण र सहरी व्यवस्थापनमा उहाँले उल्लेखनीय योगदान गर्नुभएको छ । शाहले २०७२ सालको भूकम्पपछिको पुनःनिर्माणमा सक्रिय सहभागिता जनाउनुभएको थियो । पुल, सडक र भवन डिजाइन तथा निर्माणमा अनुभव आर्जन गर्नुभएका शाहले सम्पदा संरक्षण तथा संरचनागत संरक्षण, पर्यटनमार्फत आर्थिक विकास र परम्परागत नेवा वास्तुकलामा विशेष जोड दिनुभएको छ । दुई दर्जनभन्दा बढी र्‍याप कम्पोज गर्नुभएका शाहका सिर्जना भ्रष्टाचारको विरोध तथा सुशासनको अपेक्षा, युवा तथा सामाजिक मुद्दामा बढी केन्द्रित छन् । उहाँका गीतमा बेरोजगारी, असमानता, राजनीतिक विकृतिका साथै राज्य प्रणालीमाथि प्रश्न गरिएको हुन्छ ।

संविधानसभाको दोस्रो निर्वाचनपछि नै शाहले 'म नेपाल हाँसेको हेर्न चाहन्छु' गीत सार्वजनिक गर्दै देशप्रतिको आफ्नो चिन्ता व्यक्त गर्नुभएको थियो ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा समर्थन जनाउनुभएका शाहमाथि आन्दोलनको कार्यादेश पूरा गर्नुपर्ने अभिभारा आइलागेको छ । नयाँ पुस्ताको बेचैनी र विद्रोहलाई सम्बोधन गर्दै परिवर्तनको चाहनालाई उहाँले पूरा गर्नुपर्नेछ ।

# एसइई परीक्षाको तयारी पूरा, पाँच लाख १२ हजारभन्दा बढीले परीक्षा दिँदै

रासस
काठमाडौं, १३ चैत

राष्ट्रिय परीक्षा बोर्डले यही चैत १९ देखिदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) को परीक्षा तयारी पूरा गरेको छ । देशभरका सबै परीक्षा केन्द्रबाट एकै समयमा सुरु हुने परीक्षाको तयारी पूरा भएको बोर्डले जनाएको छ ।

परीक्षा चैत २९ गते सम्पन्न हुनेछ । यस वर्ष एसइईमा पाँच लाख १२ हजार ४२१ विद्यार्थीले परीक्षा दिने परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिनुभयो ।

## परीक्षा दिनेमा छात्राको सङ्ख्या बढी

यसपटक नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेडवृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिने भएका छन् । परीक्षा दिनेमा छात्राको सङ्ख्या बढी रहेको छ । यसवर्ष दुई लाख ५७ हजार ६१३ जना छात्रा, दुई लाख ५४ हजार ८०७ छात्र र अन्य सात जना परीक्षामा सहभागी हुने भएका छन् । यस्तै, जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिने बोर्डले जनाएको छ ।

## सबैभन्दा बढी विद्यार्थी बागमती, कम कर्णाली

यसवर्ष बागमती प्रदेशबाट सबैभन्दा बढी एक लाख नौ हजार ५१३ विद्यार्थी परीक्षामा सहभागी हुँदैछन् । यस्तै, कोशीबाट ८२ हजार ४८७ जना, मधेसबाट ९० हजार २४३ जना, गण्डकीबाट ४३ हजार ९७२ जना, लुम्बिनीबाट ९१ हजार ८०२, कर्णालीबाट ३९ हजार ७६९ र सुदूरपश्चिमबाट ५४ हजार ६३५ विद्यार्थी सहभागी हुनेछन् ।

बोर्डले परीक्षाका लागि देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण गरेको छ भने देशभरका ११ हजार ३७९ विद्यालयका विद्यार्थी परीक्षामा सहभागी हुने परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो ।

## यस्तो छ परीक्षा तालिका

यही चैत १९ गते बिहान ८ बजेदेखि देशभर एकैसाथ परीक्षा हुँदैछ । पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सञ्चालन हुनेछ भने चैत २० मा अनिवार्य नेपाली, २२ मा अनिवार्य गणित, २३ मा विज्ञान तथा प्रविधि, २४ मा सामाजिक अध्ययन, २५ मा ऐच्छिक प्रथम खण्डका सबै विषय र २६ मा ऐच्छिक द्वितीय खण्डका सबै विषय र चैत २७, २८ एवं २९ गते प्राविधिक धारका बाँकी विषयको परीक्षा सञ्चालन हुने परीक्षा नियन्त्रक अधिकारीले बताउनुभयो ।

## परीक्षा अनुगमनमा रोक

बोर्डले यसवर्ष एसइई परीक्षाको सामूहिक अनुगमनमा रोक लगाएको छ । परीक्षा केन्द्र अनुगमनका नाममा विभिन्न सङ्घ सङ्गठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको व्यापक गुनासो आएपछि बोर्डले सामूहिक अनुगमनमा रोक लगाएको हो । अनुगमनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिका आधिकारिक प्रतिनिधिबाट परीक्षा केन्द्रको बाहिर मात्र अनुगमन गर्ने बोर्डले निर्णय गरिएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो । यस्तै, पत्रकारले परीक्षा केन्द्रको बाहिरी दृश्य मात्र छायाङ्कन गर्न वा तस्बिर लिन मिल्ने जानकारी दिँदै उहाँले परीक्षा हलमा केन्द्राध्यक्ष तथा त्यस दिन खटिएका प्रतिनिधिले मात्र अनुगमन गर्न सक्ने व्यवस्था गरिएको बताउनुभयो ।

बोर्डले परीक्षा हलभित्र दृश्य छायाङ्कन गरी सामाजिक सञ्जालमा राखेर विद्यार्थीमा विचलन नल्याउन सबैमा आग्रह गरेको छ । जिल्ला जिल्लामा पुर्‍याइयो प्रश्नपत्र

परीक्षा नियन्त्रण कार्यालयले सातै प्रदेशका लागि सबै जिल्लामा प्रश्नपत्र पुर्‍याएको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा छपाइ सम्पन्न गरेर प्रश्नपत्र सुरक्षा नियकाको सहयोगमा सबै जिल्लामा पुर्‍याइएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो ।

"सातै प्रदेशमा फरक प्रश्न पत्र छपाइ गरिएको छ । परीक्षामा सोधिने छ वटै अनिवार्य विषयका प्रश्न प्रदेशअनुसार फरकफरक छापिएको छ", उहाँले भन्नुभयो,"यदि परीक्षाका क्रममा कतै समस्या भएमा सम्बन्धित प्रदेशको निश्चित विषयको मात्र परीक्षा रद्ध गरी पुनः प्रश्नपत्र छपाइ गर्न सकिने व्यवस्था गरिएको छ ।"

## यस्तो छ सुरक्षा व्यवस्था

प्रत्येक परीक्षा केन्द्रमा जिल्ला परीक्षा समितिले तय गरेअनुसार आवश्यकताको आधारमा सुरक्षाकर्मी परिचालन हुनेछन् । यद्यपि, प्रत्येक केन्द्रमा १५ जना प्रहरी, एक केन्द्राध्यक्ष, एक सहायक केन्द्राध्यक्ष, २० जना परीक्षार्थी बराबर एक निरीक्षक, एक सय परीक्षार्थी बराबर एक कार्यालय सहयोगी र अन्य दुई कर्मचारीको व्यवस्था गरिएको बोर्डले जनाएको छ ।

# पोखरामा हुने रात्री दौडलाई खेल संघ संस्थाले सहयोग गर्ने

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत

पोखरामा पहिलोपटक आयोजना हुन लागेको रात्रीकालीन दौड (नाइट रन) प्रतियोगितालाई सफल बनाउन विभिन्न खेल संघसंस्था तथा सरोकारवालाले सुरक्षा र व्यवस्थापनमा विशेष ध्यान दिनुपर्नेमा जोड दिएका छन् ।

पोखरा रंगशालामा आज(शुक्रबार) आयोजित छलफल कार्यक्रममा सहभागीहरूले यो इभेन्ट पोखराको नयाँ ब्राण्डका रूपमा स्थापित हुन सक्ने भएकाले यसलाई सुरक्षित, व्यवस्थित र आकर्षक बनाउन सबै पक्षको साथ र सहयोग आवश्यक भएको सरोकारवालाहरुले बताएका हुन् । कार्यक्रममा वोल्दै नेपाल ह्यान्डबल संघका महासचिव केशव पाठकले ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण हुने उल्लेख गर्दै यस अभियानलाई सफल पार्न पोखरेलीको साझा जिम्मेवारी रहने बताए । खेल पत्रकार समेत रहेका उनले पोखराको ऐतिहासिक इभेण्ट भएकोले यसको पोखरामा छुट्टै महत्व हुने जनाए । गण्डकी प्रदेश फेन्सिङ संघका अध्यक्ष विजय शाहीले प्रतियोगिताबारे आवश्यक सूचना प्रभावकारी रूपमा बनाउन सुझाव दिए । ठाँउ ठाँउमा टोल विकास संस्था, क्लवहरुको सक्रिय सहभागिता गराउनु पर्नेमा जोड दिए । गण्डकी प्रदेश एथ्लेटिक्स संघका अध्यक्ष हरि बरुवालले पोखरामा हुने उक्त प्रतियोगिताको लागि अन्य प्रतियोगितामा भन्दा यसपाली चेस नम्बर अलि ठुलो आकारमा बनाउन सुझाव दिए । नेपाल पत्रकार महासंघ गण्डकीका सल्लाहकार गोविन्द सुवेदीले उक्त प्रतियोगिताको सुरक्षा चुनौती सबै मिलेर सामना गर्न आग्रह गरे । जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङले प्रतियोगिता सफल पार्न पूर्ण सहयोग रहने विश्वास दिलाए । प्रतियोगिता संयोजक दीननाथ बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदारले प्रतियोगितापोखरामापहिलोपटक आयोजना हुन लागेकाले सुरक्षा व्यवस्थापनमा कुनै कमी हुन नदिन आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । छोटो दूरीको पाँच किलोमिटर सडक दौड भएकाले निर्णायकहरू अझ सतर्क हुनुपर्ने उनले सुझाए ।

कास्की जिल्ला एथलेटिक्स संघका सचिव सिद्धान्त अधिकारीले प्रतियोगिता साँझको समयमा हुने भएकाले कम प्रकाश भएका स्थानहरूमा पर्याप्त लाइटिङ व्यवस्थापन गर्नुपर्ने आवश्यकता औंल्याए । धावकहरूको भिजिबिलिटी सुनिश्चित गर्न विशेष तयारी गर्नुपर्नेमा जोड दिए । कास्की जिल्ला साइक्लिङ संघका अध्यक्ष शंकर भण्डारीले दौड मार्गमा रहेका खाल्डाखुल्डी तथा नालाहरूको पुनः अवलोकन गरी आवश्यक मर्मत तथा स्ल्याब राख्न सुझाव दिए । कार्यक्रममा विभिन्न खेल संघसंस्था, पत्रकार तथा सरोकारवालाको सहभागिता रहेको थियो । यसैबीच, आगामी चैत २८ गते आयोजना हुने उक्त रात्रिदौड प्रतियोगिताका लागि अनलाइन फारम खुला गरिएको आयोजकले जनाएको छ । "जाग्छ पोखरा, दौडाउँछ पोखरा" भन्ने नारासहित आयोजना हुने प्रतियोगितामा निश्चित संख्या पुगेपछि दर्ता बन्द गरिने र १२ वर्षभन्दा कम उमेरका बालबालिकालाई सहभागी नगराइने जानकारी दिइएको छ । प्रतियोगिताका प्राविधिक ओम गुरुङले प्रतियोगितामा हुन सक्ने जोखिम न्यूनिकरण गर्न आफुहरु लागि परेको बताए । फोटो पत्रकार संघ कास्कीका पूर्व अध्यक्ष दुर्गा प्रसाद पौडेलले पोखरामा हुने कुनै पनि सडक दौडमा सुरक्षा चुनौती हुने बताए । धावकहरूलाई आफ्नै हेडल्याम्प प्रयोग गर्न अनुरोध गरिएको छ । प्रतियोगिता पोखराको बाराहीघाटबाट सुरु भई विभिन्न मुख्य चोक हुँदै झण्डा पार्कसम्म सञ्चालन हुने केन्द्रका सचिव सागर सुनारले बताए । नेपाली नयाँ बर्षको अवसरमा अयाोजित उक्त रात्रि दौडले पोखराको खेल पर्यटन प्रबर्द्धनमा टेवा पुर्‍याउने आयोजक पोखरा क्लिक र पोखरा प्रबर्द्धन केन्द्रले जनाएका छन् । प्रदेश खेलकुद परिषद् गण्डकीको सहकार्य, पोखरा-९ को समन्वय तथा विभिन्न संघसंस्थाको सहयोगमा हुने प्रतियोगितालाई मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टरले हस्पिटल पार्टनरका रूपमा नेलम्बो नेपालले मेडिकल पार्टनरका रुपमा सहयोग गर्ने भएको हो । प्रतियोगिताका लागि अटोवेज प्रा.लि., सिटिजन फर्निचर, परिचय एड्भटाइजिङ, जिल्ला खेलकुद विकास समिति कास्की लगायतका संघसंस्थाको सहयोग रहने भएको हो ।

# काठमाडौँसहित विभिन्न जिल्लामा वर्षा सुरु

रासस
काठमाडौं, १३ चैत

देशभर मौसम बदली भई काठमाडौँसहित विभिन्न जिल्लामा वर्षा सुरु भएको छ । अहिले सातै प्रदेशका विभिन्न जिल्लामा वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

विभागका सूचना अधिकारी दिनकर कायस्थले शुक्रबार र शनिबार मौसम बदली रही वर्षा हुने जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्लो एक घण्टामा करिब ५० मिलीमिटर वर्षामापन केन्द्रमा वर्षा मापन गरिएको छ । त्यसमध्ये सबैभन्दा बढी सङ्खुवासभामा २७ मिलीमिटर र नुवाकोटमा २६ मिलीमिटर वर्षा भएको सूचना अधिकारी कायस्थले जानकारी दिनुभयो । लमजुङमा १७, चितवनमा छ दशमलव चार, म्याग्दीमा छ दशमलव चार, कास्कीमा सात दशमलव आठ, तनहुँमा सात दशमलव दुई मिलीमिटर वर्षा भएको छ ।

पछिल्लो तीन घण्टामा भने म्याग्दी र सङ्खुवासभामा भारी वर्षा भएको जनाउँदै कायस्थले म्याग्दीमा ६० मिलीमिटर र सङ्खुवासभामा ५० मिलीमिटर वर्षा भएको बताउनुभयो । उहाँका अनुसार देशभरको मौसम बदली भएको छ । विभागका अनुसार हाल नेपालमा पश्चिमी न्यूनचापीय प्रणालीका साथै स्थानीय वायुको प्रभाव रहेको छ । विभागले आज जारी गरेको बुलेटिनमा आज राति देशका हिमाली भूभागमा आंशिक बादल तथा कोशी र मधेस प्रदेशसहित देशका पहाडी भूभागमा साधारणतया बादल लाग्ने र तराईका बाँकी भूभागमा आंशिक बादल लाग्नेछ ।

सोही कारण कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी र हिमाली भूभागका थोरै तथा तराई भूभागका एक-दुई स्थानमा मेघगर्जन, चट्याङ, हुरीबतास र असिनासहित मध्यम वर्षा र हिमपातको सम्भावना रहेको विभागका सूचना अधिकारी कायस्थले जानकारी दिनुभयो ।

शनिबार कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा साधारणतया बादल लाग्ने र बाँकी भूभागमा आंशिक बादल लाग्ने जनाइएको छ । कोशी, मधेस, बागमती प्रदेशका केही स्थान तथा बाँकी हिमाली र पहाडी भूभागका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित मध्यम वर्षा र हिमपातको सम्भावना रहेको विभागले जनाएको छ ।